भाग ५

नेपाल सरकार

गृह मन्त्रालयको सूचना

नेपाल सरकार, गृह मन्त्रालयले मिति २०७६/०८/१४ मा पाँचथर, भोजपुर, सुनसरी, मोरङ, सङ्खुवासभा, खोटाङ, सप्तरी, सिरहा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, रामेछाप, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, काठमाडौं, भक्तपुर, चितवन, लमजुङ, कास्की, बाग्लुङ्ग, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), गुल्मी, कपिलबस्तु, अर्घाखाँची, प्युठान, रोल्पा, दाङ, बाँके, सल्यान, हुम्ला, बाजुरा, अछाम, डोटी, कञ्चनपुर, बैतडी जिल्लामा हुने प्रतिनिधिसभा सदस्य, प्रदेश सभा सदस्य वा स्थानीय तहका सदस्यको उपनिर्वाचनलाई निष्पक्ष, शान्तिपूर्ण र भय रहित वातावरणमा सम्पन्न गराउन हातहतियार खरखजाना ऐन, २०१९ को दफा ८ बमोजिम सो जिल्लाका विभिन्न व्यक्तिहरुसँग रहेका इजाजत प्राप्त हातहतियारहरु मिति २०७६।०८।१० भित्र नजिकको प्रहरी कार्यालयमा अनिवार्य रुपमा बुझाउनु पर्ने निर्णय गरेकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रेम कुमार राई
नेपाल सरकारको सचिव